राज्यको चौथो अङ्गमा महिलाको पहुँच... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २७ • अंक २० • २०८२ साल जेठ २६ गते सोमवार (9 June, Monday, 2025) • पृष्ठ ४ • मूल्य रु. ५।–



## 'कोरोना संक्रमण बढ्दो, सतर्क रहौँ'

**टुडे समाचारदाता**

काठमाण्डु । भारतमा कोरोनाको संक्रमण दर तीब्र रुपमा बढ्न थालेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपालमा संक्रमण फैलन नदिन पूर्वतयारीका सबै काम सम्पन्न गरेको बताएको छ ।

भारतमा देखिएको संक्रमण १५ दिनभित्र नेपालमा भित्रिएको विगतको अनुभवको आधारमा पूर्वतयारीको काम थालिएको जनाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रवक्ता डा. प्रकाश बुढाथोकीले भारतमा पछिल्लो समय तीब्र रुपमा फैलिएको संक्रमण र केही मृत्युका घटनालाई मध्यनजर गरेर विगत दुई सातादेखि पूर्वतयारी भइरहेको बताए ।

उनले छिमेकमा संक्रमण बढेसँगै नेपालमा पनि ढिलो वा छिटो आउँछ भन्ने विगतका अनुभवले देखाएकोले पूर्वतयारीमा लागिरहेको बताए ।

पूर्वतयारीको क्रममा भार तसँग जोडिएका १७ वटा स्थल नाका र तीन वटा हवाई नाका र त्यहाँ रहेका हेल्थ डेस्कमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई तयारी अवस्थामा राखिएको उनले बताए ।

नाकामा भित्रिने सबैलाई कोरोनाको आरडिटि टेस्ट गर्दा परिणाम जे आए पनि एक सातासम्म सेल्फ आइसोलेशनमा बस्न आग्रह गरेको उनले बताए ।

### मोलमोलाइमा 'नेपाल सद्भावना पार्टी'

# नेता अनिलकुमार झामाथि फर्जी आरोपमा मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश केन्द्रित दलका नेताहरुमा व्यक्तिपिछे पार्टी बनाउनेमा विवादित रहेको बेला गजेन्द्रनारायण सिंह संस्थापक रहेको नेपाल सद्भावना पार्टीमा फेरि विवाद उत्पन्न भएको छ ।

२०५८ सालमा गजेन्द्रनारायण सिंहको निधन भएपछि पार्टी विभिन्न पटक विभाजन भएको छ ।

विभाजनकै कारण पार्टी विलयको अवस्थामा पुगेको थियो । एकपछि अर्को विभाजन भएर अवशेषको रूपमा मात्र बाँकी रहेको नेसपामा अहिले पनि विवादित नै छ ।

उनीपछि उपेन्द्र यादवले समेत दल गठन गरे । तर तत्कालीन मधेशी जनअधिकार फोरम नेपालदेखि संघीय समाजवादी पार्टी नेपाल, समाजवादी पार्टीदेखि जनता समाजवादी पार्टीसम्म आउँदा विवादैविवादको उतारचढाव छ । त्यस्तै महन्थ ठाकुरले समेत तमलोपा गठन गरी मधेश केन्द्रित दल अगाडि बढाए । त्यो दल पनि विभिन्न रुप लिँदै अहिले लोकतान्त्रिक समाजवादी पार्टी नेपालको अध्यक्ष बनेर चित्त बुझाउन बाध्य छन्, महन्थ ठाकुर । त्यस्तै उनीसंगै रहेका वृषेशचन्द्र लाल अहिले तमलोपा गठन गरी अलग्गै पार्टी चलाइ रहेका छन् । तराई मधेश सद्भावना पार्टी गठन गरेका महेन्द्रराय यादव अहिले नेपाल समाजवादी पार्टीको अध्यक्ष छन् । त्यस्तै सद्भावना पार्टीदेखि राष्ट्रिय मुक्ति पार्टीको अध्यक्ष रहेका राजेन्द्र महतोलगायतका इतिहास हेर्दा उनीहरु कुनै समय उपेन्द्रदेखि महन्थ, राजेन्द्र, महेन्द्र रायलगायतका नेताहरु संगै एउटै पार्टीमा थिए । तर सो पार्टी पनि सत्ता राजनीति स्वार्थको चटारोमा फुट्दै गए । अहिले पनि उनीहरु अलग अलग समूहमा आ-आफ्नो अस्तित्वमा छन् । सोही अवस्थामा मृत अवस्थामा रहेको नेपाल सद्भावना पार्टी चर्चामा आएको छ ।

नेपाल सद्भावना पार्टीसंग जोडिएका तत्कालीन कुनै पनि नेताले भने दाबीसमेत गरेनन् ।

महतोले एउटा सानो समूह बनाएर यसलाई बचाउने प्रयास गरिरहँदा पनि विवादित नै रह्यो । केही दिनदेखि सो पार्टीमाथि लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता रहेका अनिल झाले आफ्नो नाममा दर्ता गराउन थालेपछि विवाद सतहमा आएको छ ।

अध्यक्ष रामकुमार महतोको अध्यक्षतामा बसेको पार्टीको बैठकबाट अनिल कुमार झालाई पार्टीको अध्यक्ष बनाउने भनेर गरेको निर्णयसहितको माइन्युट निर्वाचन आयोगमा पुगेको छ । पार्टीको अध्यक्ष अनिलकुमार झालाई बनाउने भनी नेपाल स द ् भावना पार्टीका



महासचिवसहित बहुमत सदस्यले हस्ताक्षर गरेको पत्र निर्वाचन आयोगमा पुगेको छ ।

तर अध्यक्ष रामकुमार महतोले निर्वाचन आयोगमा नेता झाले पेश गरेको कागजात फर्जी रहेको भन्दै धनुषा जिल्ला अदालतमा नेता झाविरुद्ध मुद्दा दायर गरिएको छ । नेसपाका अध्यक्ष महतोले निर्वाचन आयोगमा पेश गरेको हस्ताक्षर फर्जी रहेको दाबी गरे । उनले हस्ताक्षर गरेका मध्ये २१ जना आफ्नो सम्पर्कमा रहेको भन्दै आफूहरुले हस्ताक्षर नै नगरेको उनले दाबी गरे ।

अध्यक्ष महतोले नेता झाले फर्जी काम गरेकाले सोविरुद्ध आफू न्यायालयमा मुद्दा दिएको बताए । तर नेता अनिल झा पक्षका नेताहरूले भने हस्ताक्षर फर्जी नभएर रकममा कुरा नमिल्दा लफडा झिकेको जिकिर गरे । नेता अनिल झाले भने यस विषयमा केही प्रतिक्रिया दिन चाहेनन् ।

अध्यक्ष महतोले आफ्नो पार्टी २० लाख रुपैयाँमा नेता झालाई बेचेको स्रोतको दाबी छ । नेता झाले २० लाख रुपैयाँ दुई वर्षपछि मात्र दिने भनेपछि सो विवाद उत्पन्न भएको नेता झा निकटका नेताहरुको भनाइ छ । पार्टी सञ्चालनका क्रममा १८ लाख ऋण भएको र त्यो रकम तिरिदिए पार्टी सुम्पिदिने भनेर अध्यक्ष महतोले भनेको झा पक्षका एक नेताले बताए । नेता झालाई पनि पञ्जा छापसहितको नेपाल सद् भावना पार्टी चाहिएको थियो । उनी पनि रकम दिन तयार भए । अध्यक्ष महतोले पनि बैठक बसेर सर्वसम्मतिबाट नेता झाको अध्यक्षतामा पार्टी अगाडि बढाउने कुरा भएको थियो ।

सो बैठकले गरेको निर्णय तथा केन्द्रीय सदस्यहरूको हस्ताक्षरसहितको निवेदन नेता झाले निर्वाचन आयोगमा दर्ता गराएका थिए । पार्टीलाई लागेको ऋण तथा अन्य दायित्व नेता झाले बेहोर्ने माइन्युट पनि निर्वाचन आयोगमा पेस भएको छ । तर, अध्यक्ष महतोले नेता झासँग रकम माग्न थालेपछि विवाद सतहमा आएको छ ।


नेता झाले तत्काल २० लाख रुपैयाँ नदिएपछि अध्यक्ष महतोले धनुषा जिल्ला अदालतमा गएर मुद्दा दायर गरेको झा निकट एक नेताले बताए ।

यसअघि पनि नेपाल सद्भावना पार्टीको महाधिवेशन दुई ठाउँमा भएको थियो । रामचन्द्र कुशवाहा समूहले पर्सामा महाधिवेशन गरेको थियो । यता अध्यक्ष महतोले जनकपुरधाममा गरेका थिए ।

मन्त्री बन्नकै लागि नेपाल सद्भावना पार्टीबाट राजेन्द्र महतोले अलग्गै पार्टी बनाए । अनिल झा, रामनरेश राय यादव, श्यामसुन्दर गुप्ता, विकास तिवारीलागयतले पनि अलग्गै पार्टी बनाए ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुरक्षाकर्मीको पीडा

नेपालमा सुरक्षाकर्मीहरुको पीडालाई राज्यले समयमै सम्बोधन गर्न आवश्यक छ । नेपालको सुरक्षानिकायहरु मध्ये नेपाल प्रहरी सबैभन्दा ठूलो संगठन हो । देशको प्रायः जसो सबै समस्यालाई समाधान गर्न नेपाल प्रहरीले भूमिका निर्वाह गर्दै आएको छ । देशमा सशस्त्र द्वन्द्वको बखत पनि नेपाल प्रहरीले प्रशंसनीय भूमिका निर्वाह गरेको थियो । त्यसबखत धेरै प्रहरी सहादत प्राप्त गरे । नेपाल प्रहरी माओवादी द्वन्द्वको बखत पनि युवाहरुको आकर्षण थियो । द्वन्द्वकालमा परिस्थितिवश केहिले नेपाल प्रहरीको जागिर छाडेका थिए । तर फेरि धेरैले प्रहरी सेवामा फर्के पनि । पछिल्लो समय नेपाल प्रहरीको मधेश प्रदेशमा मात्र ८३ जनाले राजीनामा दिएका छन् । यसले सकारात्मक सन्देश दिँदैन । हुन जागिर आ-आफ्नो स्वेच्छा र चाहनाले गर्छन् । जागिर छाड्ने केही बाध्यता अथवा त्यो भन्दा राम्रो अवसरको प्राप्ति हुन सक्छ । नेपाल प्रहरीको जागिर छाड्ने कारण त्यो भन्दा राम्रो अवसरको प्राप्ति हो । नेपाली युवाहरु विदेशमा गएर राम्रो आय आर्जन गर्छन् । थोरै समयमा राम्रो कमाई गरी घर फर्किने चाहना बढेसँगै विदेशिने क्रम पनि बढेको देखिन्छ । नेपालको सरकारी निकाय अथवा निजी क्षेत्रमा काम गर्ने दक्ष र अदक्ष दुवै थरीको भन्दा विदेशमा दक्ष र अदक्षले बढी तलब, सुविधा पाउने गर्छन् । त्यही भएर नेपाली युवाहरु वैदेशिक रोजगारी प्रति बढी आकर्षित भएको देखिन्छ । हुन त विदेशमा कामका लागि जानेहरुको समस्या पनि विकराल हुने गरेको छ । विदेशमा जानेहरु धेरै खुशी रहेको पनि देखिदैन । विदेश मात्र युवाहरुको रोजगारीको आकर्षण बन्न ठिक होइन । तर स्वदेशमा राम्रा रोजगारी र आकर्षक सेवा सुविधा नपाएको कारण धेरै जना विदेशिन बाध्य भएको देखिन्छ । नेपाल प्रहरीमा जागिर गर्न इच्छुक युवाहरुको अभाव भइसकेको छैन । तर जागिरमा रहेका युवाहरुले राजिनामा गर्नु सुखद विषय होइन । नेपाल प्रहरीमा राजीनामा दिने क्रम बढनु चिन्ताजनक हो । सरकारले सुरक्षानिकायको समस्या र सुरक्षाकर्मीहरुको पीडालाई सम्बोधन गर्न आवश्यक छ । समयमै सचेत नहुँदा पछि संख्यामा धेरै नै कमी आउन सक्छ । नेपाल प्रहरी नेपालको सशक्त सुरक्षा निकाय हो । नेपाल प्रहरीमा कार्यरत जवानदेखि माथिल्लो अधिकृतसम्मको समस्यालाई राज्यले समयमै सम्बोधन गर्न आवश्यक हुन्छ । सुरक्षाकर्मीहरुको सधैँ मनोबल उच्च राख्नु पर्छ । उच्च मनोबलका साथ मात्र सुरक्षाकर्मीले लक्ष्य हासिल गर्न सक्छन् । असन्तुष्ट भएर नेपाल प्रहरीबाट राजीनामा दिने क्रमलाई रोक्नु संगठन र सरकार दुवैले संयुक्त पहल गर्नु पर्छ । असन्तुष्टिलाई सम्बोधन गर्नुपर्छ । एक जना प्रहरीलाई तयार गर्न संगठन र राज्यको ठूलो लगानी र कयौँ वर्ष लाग्ने गर्छ । त्यसकारण समयमै ध्यान दिन आवश्यक छ ।

# अतिथिधर्मको पालन हुनुपर्छ



भारत र चीन जस्ता विश्वका दुई उदाउँदा शक्ति राष्ट्को बीचमा अवस्थित नेपालले आफनो दुईवटै छिमेकी मित्रराष्ट्रहरुको जायज सुरक्षा चिन्ता प्रति सम्वेदनशील हुनु आवश्यक छ । विगत केही समय यता देखि दक्षिणी छिमेकी भारतको उसका पूर्व अंशियारहरु पाकिस्तान र बङ्गलादेशसित सुमधुर सम्बन्ध नरहेको यथार्थ दिउँसोको घाम जस्तै प्रष्ट छ । यस्तो अवस्थामा भारत र नेपालबीचको परम्परागत बहुआयामिक सम्बन्धलाई ध्यानमा राखी हामीले भारतलाई अप्ठयारोमा पार्ने कुनै पनि गतिविधिप्रति कठोरता देखाउनु आवश्यक छ । खासगरिकन तेश्रो देशका नागरिक, नेपाल भ्रमणमा आएर भारतलाई समस्यामा पार्ने काम गरे कसरी त्यसलाई सहन गर्न सकिन्छ ? नेपालले आफनो माटोवाट छिमेकी राष्ट्को विरुद्धमा हुने कुनै पनि किसिमको गतिविधिलाई सहन गर्न नसकिने घोषित नीति नै लिएको छ तर दुर्भाग्य तेश्रो देशका नागरिकहरु पर्यटक भिसामा नेपाल भ्रमणमा आएर भारत विरोधी गतिविधिलाई मल-जल दिने काम गरिरहेका छन्, जुनकी साह्रै नै निन्दनीय तथा दुर्भाग्यपूर्ण हो । विगत केही समय यता पर्यटक भिसामा नेपाल घुम्न आएका केही चिनियाँ नागरिकहरु तराई-मधेशका सिमावर्ति ठाउँमा घुमफिर गर्नु र केहीले त भारतीय भुभागमा पनि प्रवेश गरेर फोटो खिच्नु घोर निन्दनीय कार्य हो । खासगरिकन वीरगन्ज-रक्सौल, गौर-बैरगनिया, भिठामोठ-जलेश्वर, जटही तथा सिरहाको सिमाना नजिक देखिएको चिनको गतिविधिले नै यिनको भुमिकालाई आपत्तिजनक सावित गर्दछ । भारतीय भूमिमा प्रवेश गरेर फोटो खिचेका कारण केही चिनियाँ युवा पक्राउ पनि परेका थिए । पर्यटक भिसामा आउने मित्रराष्ट्का नागरिकहरुले आफनो आतिथ्य धर्मको निर्वाह गर्न सक्नुपर्छ । नेपाल भ्रमणको निम्ति उत्तरी सिमाना क्षेत्रमा भ्रमण गर्न जाँदा नेपालमा अनेकौं टिका टिप्पणी हुन्छ । काठमण्डौ स्थित भारतीय राजदुतावास नेपालका हिमाली जिल्लाहरुमा नेपालीहरुकै लागि सडक, पुल र विद्यालय भवनको निर्माण हुँदा नेपालकै बामपन्थी नेताहरु त्यसको विरोध गर्दछन् र दक्षिणी छिमेकी भारतको भूमिकालाई चीन विरोधी ठान्ने गर्दछन् । अहिले त चिनियाँहरु स्वयं नै भारतीय सिमाना नजिक घुमफिर गरेका छन् । यसलाई कुन रुपमा लिने ? हाम्रो देशका कमबुद्धिजिवी लेखक र विद्धानहरुको विश्लेषण पनि एकपक्षीय हुने गर्दछ ।

उत्तरी छिमेकी चीन पनि हाम्रो मित्रराष्ट्र नै हो । चिनियाँहरुको नेपाल आगमनलाई स्वभाविक नै मान्नुपर्दछ तर उनीहरुले पनि आफनो भुमिकाको स्मरण राख्नु आवश्यक छ । पर्यटक भिसामा आएका चिनियाँहरु, हिमाल र पहाड हेरुन, तराई पनि हेरुन, मन लागेको ठाउँमा जानु पनि पर्छ तर पर्यटक भएर सिमावर्ति भारतीय क्षेत्रमा गएर फोटो लिनु गलत कार्य हो । भोलीका दिनमा कोही भारतीय अमेरिकी अथवा पश्चिमाहरु नेपाल भ्रमणको पर्यटक भिसामा आएर यदि उत्तरी छिमेकी चीनको सिमानाको फोटो खिच्न जान्छन् भन्ने त्यसलाई पनि जायज भन्न सकिदैन । केही वर्ष अघि विकिलिक्स साप्ताहिकमा आएको एक समाचार अनुसार चिनियाँ सिमाना क्षेमा घुमफिर गर्न खोज्ने कतिपयलाई चिनियाँ सुरक्षाकर्मीको जिम्मामा लगाउने काम हुन्थ्यो, त्यसको सट्टामा त्यहाँ तैनात नेपाली सुरक्षा कर्मीलाई उपहार पनि दिने गरिन्थ्यो भने उल्लेख थियो । यद्यपि नेपालले भने त्यसको खण्डन गरेको थियो । जसरी चीनको निम्ति उसको सुरक्षा चिन्ता जायज छ । त्यसरी नै चीनले पनि नेपाल र भारतको सुरक्षा चिन्ता प्रति सम्वेदनशिल हुनुपर्छ । चिनियाँ पर्यटकहरु भारतीय सिमाना क्षेत्रमा भ्रमण गर्न र फोटो खिच्नुको औचित्य देखिएन । एनजिओहरुको



पर्यटक भिसामा आउने मित्रराष्ट्का नागरिकहरुले आफनो आतिथ्य धर्मको निर्वाह गर्न सक्नुपर्छ । नेपाल भ्रमणको निम्ति विदेशी नागरिकलाई अनुमति दिने दुवै सरकारले यस सम्बन्धमा सम्वेदनशिलता देखाउनु आवबशयक छ ।

**श्रीमन नारायण**

विदेशी नागरिकलाई अनुमति दिने दुवै सरकारले यस सम्बन्धमा सम्वेदनशिलता देखाउनु आवबशयक छ । भारतीय भूमिमा प्रवेश गरेर फोटो खिच्ने चिनियाँ नागरिक पक्राउ पनि परेका छन् । केही चिनियाँ नागरिकको भिसाको अवधि पनि सकिएकाले भविष्यमा यस्तो गतिविधि नहोस भन्ने दिशामा हाम्रो ध्यान जानु आवश्यक छ । भारतीय नागरिक कार्यक्रममा चिनियाँहरुको उपस्थिति त्यस क्षेत्रमा बढेकै छ । नेपालको सरकार अनुमित प्राप्त गरेर दुवै छिमेकीको गतिविधिले उत्तरी छिमेकीलाई चिन्तित बनाएको एउटा पनि उदाहरण छैन ।

चीनको आन्तरिक गतिविधि देखि नेपाल हेराईवारे टिप्पणी गर्ने सवालमा काठमाण्डौको राजनीतिक वृति देखि बौद्धिक क्षेत्र र नागरिक समाज मौन देखिन्छ । काठमाण्डौले बेईजिंग सँग सम्म मर्यादा र स्वाभिमानको सम्बन्ध राख्नुपर्छ, तर नेपाली राज्य व्यवस्थाले हजुरीमा आचरण देखाउँछ, चीन सामु नेपाल जति दब्यो उसले नेपाललाई उति नै हेप्नेछ र अन्ततः नेपाल-चीन सम्बन्धका आर्थिक र सामाजिक पाटा खसकनेछन् । जब हामी समानतामा आधारित सम्बन्धको कुरा गर्दछौं भने प्रशंसा र आलोचना दुई एक समान गर्ने बलियो मानसिकता बनाउनुपर्छ । अरु सबै विषयमा बोलन पाउने शान्तिपूर्ण प्रदर्शन गर्न पाउने तर तीनको बारेमा समालोचना गर्दा राज्य र सार्वजनिक डिस्कोर्ससम्म नकारात्मक मानसिकताले काम गर्न थाल्छ ।

नेपालमा जब-जब कुनै तेश्रो देशका नागरिकको भूमिका सन्दिग्ध र आपत्तिजनक हुने गर्दछ, अनि त्यसको सोभ्को प्रभाव सिमाना क्षेत्रमा वसोवास गर्ने सोभ्का नेपालीहरुको दैनिक जीवनमाथि पर्ने गर्दछ ।

काठमाण्डौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलवाट भारतीय वायुसेनाको विमानको अपहरण पाकिस्तानीहरुवाट हुँदा दक्षिण छिमेकी भारतले आफनो सिमानाकामा कडाई गरेको थियो । सोही अवधिमा जम्मु काश्मिर लिबरेसन फ्रन्टका एक जना कार्यकर्ताले भारतमा विस्फोट गराउने योजना सम्बन्धी कागजात विदेशवाट फयाक्स मगाउन खोज्दा पक्राउ परेका थिए । त्यसको असर पछि आम जनताको जीवनमा परेको थियो । जम्मु-कश्मिर, पाकिस्तान अथवा कुनै तेश्रो देशका इस्लामिक चरमपन्थीहरुको गतिविधि नेपालमा हुँदा यसको दुष्प्रभाव नेपाल र भारतबीचको परम्परागत बहुआयामिक सम्बन्धमाथि पनि पर्न जान्छ । केही वर्ष अघि एउटा पाकिस्तानी महिला सीमा हैदरले भारतीय युवक सचिन सँग प्रेम विवाह गरी लुकिछिपी नेपालको बाटो भई भारत प्रवेश गर्दा पनि सिमानाकामा कडाई भएको थियो ।

बङ्गलादेशी रोहिंग्याहरु काभ्रेपलान्चोक र भक्तपुरसम्म पुगिसकेको छन् । काठमाण्डौको कपन क्षेत्रमा र पशुपतिनाथ मनिदर नजिकको गौरीघाट क्षेत्रमा पनि बसोवास गरिरहेका छन् । भोलीका दिनमा यिनीहरु पनि हाम्रो निम्ति चुनौति बन्ने छन् । वि.सं.२०६३ सालमा जन्मको आधारमा नागरिकता लिनेहरु मध्ये अधिकांश भ्फापा, मोरङ्ग र सुनसरीतिरका छन् । कतै यस सूचीमा पनि त रोहिंग्याहरु बढी संख्यामा छनन भने दिशामा पनि हाम्रो ध्यान जानु आवश्यक छ । अहिले भारतले आफनो देशवाट अवैध रोहिंग्या मुसलमानहरुलाई आफनो देशवाट निकाला गर्ने अभियान तीव्र पारेको छ । कतै उनीहरु लुकिछिपी नेपाल त आउने होईनन् ? र भोटको लोभमा हाम्रा राजनीतिक दलका नेताहरु पनि उनलाई स्थान र अवसर दिने त होईनन भने दिशामा पनि हाम्रो ध्यान जानु आवश्यक छ । बङ्गलादेशीहरुलाई म्यानमारले आफनो देशवाट हटाउनुको मुख्य कारण तिनको व्यवहारले हो ।

भोलीका दिनमा हामीले पनि तयस्तै परि स्थितिको सामना गर्ने अवस्था नहोस् ।

नेपाल भित्र जति पनि अवैध भिसामा अथवा विना नागरिकता र विना ठोस प्रमाण सहित नेपालमा बसिरहेका छन् तिनको गतिविधि पारदर्शी छैन भने ती सबैलाई समयमै फिर्ता पठाउनु आवश्यक छ ।

नेपालमा चिनियाँहरुको भूमिका पनि सन्देहास्पद नै रही आएको छ । कहिले नक्कली डलरको कारोवार त कहिले सुन तश्करी त कहिले अवध ट्रन्ककल पास, कहिले तस्करीका घटना, बीरगन्ज जस्तो ठाउँमा पुगेर पनि साईवर ठगी, बैंकवाट रकम भ्फिक्ने कृत्यमा चिनियाँहरु लागेका घटनाले अब हामीले हाम्रो उत्तरी छिमेकीलाई प्रष्ट रुपमा भन्न सक्नुपर्छ कि पर्यटक भिसामा आउने आतिथ्य धर्मको पालन गर्नु आवश्यक छ । नेपाल भारत सम्बन्धलाई विगार्ने काम हुन दिनु भएन ।

# हरित क्रान्तिमा किसान

**बबिता राई**

फेदाप गाउँपालिका-६ का केशरबहादुर घिसिङको जमिनमा कुनैबेला ३० देखि ४० मनसम्म अलैँची फल्थ्यो । एक्कासी अलैँचीमा गानो कुहिने र छिर्के फुर्केजस्ता रोग लागेपछि बगान मासिँदा उत्पादन ठप्प भयो । आम्दानीको मुख्य स्रोत अलैँची मासिँदा उहाँमा चिन्ता थपिनु स्वाभाविक थियो । त्यहीबेला कोसी प्रदेश सरकारको पर्यटन वन तथा वातावरण मन्त्रालयमार्फत प्रदेश वन विकास कार्यक्रमअन्तर्गत कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम सुरु भयो ।

केशरबहादुर पनि त्यो कार्यक्रममा जोडिए । उक्त कार्यक्रममा आफू जोडिनु 'ढुङ्गा खोज्दा देउता मिल्यो' भन्ने उखान चरितार्थ भएको अनुभूति भएको उहाँ सुनाउनुहुन्छ । "प्रक्रिया पुऱ्याएर कागजात पेस गरेको थिएँ, एक लाख रुपैयाँ अनुदान प्राप्त भयो, त्यहीँ अनुदानबापत प्राप्त भएको नगद लगानी गरेर काठ र फलफूलका बिरुवा रोपेको छु", घिसिङले भन्नुभयो ।

अनुदान आएपछि रोपेका काठ र फलफूल घिसिङको बगानमा धमाधम हुर्किँदैछन् । उहाँले ४५ रोपनी क्षेत्रफलमा फैलिएको जमिनमा अलैँचीसँगै ओखर, हलुवावेद जर्मन नस्पाती र खुर्पानीलगायत बिरुवा रोप्नुभएको छ । उहाँको बगानमा यतिबेला ती बिरुवा धमाधम हुर्किइरहेका छन् । "प्रदेश वन विकास कार्यक्रममार्फत आर्थिक वर्ष २०७९/८० मा प्राप्त एक लाख रुपैयाँ अनुदान सहयोगमा रोपेका बिरुवाले बगान हरियाली भएको छ", घिसिङले थप्नुभयो ।

फेदाप गाउँपालिका-६ इसिबु घर भएका ६६ वर्षीय घिसिङ प्रायः आफूले रोपेका काठ, फलफूल र अलैँचीका बिरुवा गोडमेल गर्न व्यस्त भेटिनुहुन्छ । उहाँको नाममा दर्ता भएको कृषि फार्ममा उन्नत जातका सुन्तला, बोधिचित्त, ओखरजस्ता फलफूलका बेर्ना उत्पादन हुन्छन् । ती बेर्ना तेह्रथुम र धनकुटाका विभिन्न स्थानबाट आएका किसानले किनेर लैजान्छन् ।

उहाँले ५० वटा बोयर जातका बाख्रासमेत पाल्नुभएको छ । अलैँचीखेती, बेर्ना उत्पादन र बाख्रापालनबाट वार्षिक १० लाख रुपैयाँ हाराहारी आम्दानी गर्दै आएको उहाँ सुनाउनुहुन्छ । "सात जनाको परिवार यहीँ आम्दानीले धानेको छ, उत्तिसका गोलिया हुर्केपछि बिक्री गर्दा एकामुष्ट आम्दानी हुन्छ, त्यो पैसा कृषि उद्यममै लगानी गर्ने योजना छ", उहाँले भन्नुभयो । पुस्तौँदेखि कृषिकर्म गर्दै आउनुभएका उहाँले कोसी प्रदेश सरकार मातहतको डिजिजन वन कार्यालयबाट बिरुवा रोप्न पहिलोपटक अनुदान पाउनु भएको हो । "उजाड हुन लागेका कान्ला भित्तामा बिरुवा रोप्ने अनुदान पाइयो, धमाधम हरियाली फर्कँदैछ, पाखुरा बजार्नेहरुलाई पनि प्रदेश सरकारले हेर्दोरहेछ", उहाँले भन्नुभयो ।

केशरबहादुर जस्तै तेह्रथुमकै मेन्छ्यायेम गाउँपालिका-६ मोराहाङका ऋषिबहादुर थापाले पनि ४० रोपनी क्षेत्रफलमा अलैँची र उत्तिसका विरुवा रोप्नुभएको छ । पाँच वर्षअघि पाँच लाख रुपैयाँको उत्तिसको गोलिया बेच्नुभएका उहाँले प्रदेश सरकारको कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रममार्फत एक लाख रुपैयाँ अनुदान पाएपछि पुनःउत्तिसका बिरुवा रोप्नुभएको हो । "दुई वर्षअघि रोपेको उत्तिस बगान मज्जाले हुर्कँदैछ, चार-पाँच वर्षपछि बगान हुर्कन्छ, अनि फेरि गोलिया बेच्ने हो", उहाँले भन्नुभयो ।

जङ्गलमा उत्तिस रोप्दा धेरै मेहनत लाग्दैन, चाँडै हुर्किन्छन्, अरु बालीलाई जस्तो मलजल र स्याहार गरिरहनु पर्दैन र बिक्री गर्दा एकामुष्ट आम्दानी हुन्छ । प्रदेश सरकारको अनुदान आफ्ना लागि कोसेढुङ्गा सावित भएको थापा सुनाउनुहुन्छ । घिसिङ र थापा जस्तै प्रदेश सरकारको पर्यटन वन तथा वातावरण मन्त्रालयमार्फत प्रदेश वन विकास कार्यक्रमअन्तर्गतको कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रमबाट अनुदान पाएपछि तेह्रथुमका किसानले बाँभिएका र उजाड पाखामा काठ, फलफूल र नगदेबाली लगाएका छन् ।

वन क्षेत्रको विस्तारगरी वातावरणलाई हरियाली बनाउनसँगै कृषकलाई आयआर्जनमा टेवा पुऱ्याउने उद्देश्यले कोसी प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० देखि जिल्लामा यो कार्यक्रम लागू गरेको हो । डिभिजन वन कार्यालय तेह्रथुमका अनुसार कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम जिल्लामा आर्थिक वर्ष २०७८/७९ देखि सुरु भएको हो । पहिलो वर्षमा जिल्लाका छ जना कृषकलाई अनुदान दिइएको थियो । त्यस्तै आर्थिक वर्ष २०८०/८१ मा यो कार्यक्रमबाट जिल्लाका थप १० किसानलाई अनुदान दिइएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ का लागि सात लाभग्राही कृषक छनोट भएका छन् । निजी काष्ट एवम् गैरकाष्ठ वनपैदावर प्रवर्द्धन गर्दै कृषकलाई कृषि वनबाट आयआर्जन मुखी क्रियाकलापमा जोड्न यो कार्यक्रम महत्वपूर्ण रहेको डिभिजन वन कार्यालयका प्रमुख बद्रीप्रसाद साह बताउनुहुन्छ । यस कार्यक्रममार्फत् प्रत्येक कृषकले एक लाख रुपैयाँ अनुदान पाउँदै आएका छन् ।

म्याङ्लुङ नगरपालिका १० साब्लाका विनोद सुवेदी डिभिजन वन कार्यालयबाट पाएको प्रदेश सरकारको अनुदानले ठूलो राहत भएको बताउनुहुन्छ । उहाँले आव २०७८/७९ मा एक लाख रुपैंया अनुदान प्राप्त गर्नुभएको थियो । यस वर्षका लागि लाभग्राही कृषकका रुपमा छनोट हुनुभएकी फेदाप गाउँपालिका-५ की प्रेमा लिम्बूले आफ्नो निजी वनमा लकडी (गोलिया) का रुपमा प्रयोग हुने उत्तिस र तत्काल बिक्री हुने फलफूल रोप्ने योजना सुनाउनुभयो ।

आफ्नै लगानीमा गर्नुपर्ने कामका लागि सरकारले अनुदान दिँदा उत्साहित भएको लाभग्राही कृषककै रुपमा छनोट हुनुभएका म्याङ्लुङ नपा-२ का कुलबहादुर तुम्बाहाङ्फे सुनाउनुहुन्छ । चालु आवमा कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रमको अनुदानका लागि सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गरेर आवेदन आह्वान गरिएको थियो । यसमा जिल्लाभरिबाट डिभिजन वन कार्यालयमा खुल्ने प्रमाणित नक्सा माग्ने गरिन्छ । चालिस रोपनीभन्दा बढी जग्गा भएका किसानले मूल्याङ्कनमा दश अङ्क धेरै पाउछन् । त्यस्तै ३० रोपनीभन्दा माथि र ४० रोपनीसम्म भएमा त्यस्ता आवेदकले आठ अङ्क पाउछन् ।

यीसहित १० वटा मापदण्डका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने आवेदक अनुदानका लागि छनोट गरिन्छ । लाभग्राही कृषक छनोट समितिमा डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र र सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल, जिल्ला महासङ्घका प्रतिनिधि रहने व्यवस्था रहेको डिभिजन वन कार्यालयका सूचना अधिकारी सन्निकुमार भ्का बताउनुहुन्छ ।

कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रमबाट मात्र जिल्लामा हालसम्ममा ५०० रोपनीभन्दा बढी क्षेत्रफलमा उत्तिस, अन्य गैरकाष्ठ तथा फलफूलका बिरुवा रोपिएको छ । यस वर्ष थप क्षेत्रफलमा पनि रोपिँदैछ । आव २०८०/८१ मा अनुदान प्राप्त गरेका म्याङलुङका डम्बरबहादुर लिम्बूले म्याङ्लुङ-४ पिप्लेमा उत्तिससँगै फलफूलमा कागती



२० वटा निवेदन आएको कार्यक्रम अधिकृत सुमन खड्काले बताउनुभयो । तीमध्ये सात लाभग्राही कृषक छनोट गरिएको हो ।

कार्यक्रम अधिकृत खड्काका अनुसार लाभग्राही कृषक छनोट प्रक्रियामा सर्वडिभिजन वन कार्यालयको र स्थानीय तहको सिफारिस, मालपोत कार्यालयको जग्गा रोक्का नभएको सिफारिस, नागरिकता वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्मको हकमा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, ब्लु प्रिन्ट नक्सा तथा जग्गा

र लिची रोपेको बताउनुभयो । एम्बुलेन्स चलाउने पेसा अगाल्नुभएका उहाँले पाँच वर्षअघि साथीहरुसँग मिलेर खरिद गरेको जग्गामा अनुदानबाट प्राप्त रकमले ती बिरुवा रोपेको सुनाउनुभयो । लिम्बूसहित साथीहरुको समूहले टेके एग्रो फर्म दर्तागरी व्यावसायिक लिचीखेती गर्दै आएका छन् ।

### किसानलाई प्रोत्साहन, भूक्षय रोक्न सहयोगी

जिल्लाको म्याङ्लुङ नपा-५ जिरिखिम्तीका रबिन्द्र सोदेम्बा र चन्द्रकुमार सोदेम्बाले गत वर्ष निजी वनबाट सात-सात लाख रुपैयाँको गोलिया बेच्नुभयो । रुख काटेर खालि रहेको ३५ रोपनी क्षेत्रफलमा कोसी प्रदेश सरकारको कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रमको अनुदान सहयोगबाट गएको वर्षायाममा उत्तिस र अलैँचीको बिरुवा लगाउनुभएको हो ।

कृषकलाई यस्ता अनुदानका कार्यक्रमले बिरुवा लगाउन प्रोत्साहित गरेको उहाँहरुको भनाइ छ । खेति गर्ने जग्गामा पहिरो जान थालेपछि खेतबारीको छेउछाउमा उत्तिसलगायत बिरुवा रोप्दा त्यसले पहिरो रोक्न मद्दत पुगेको उहाँहरुले सुनाउनुभयो । यो कार्यक्रमबाट प्राप्त अनुदान रकमबाट कृषकले पहिरो जाने स्थानमा उत्तिसलगायत बिरुवा रोपण गरेपछि त्यसले भूक्षय हुनबाट रोकेको सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल, जिल्ला महासङ्घ तेह्रथुमका अध्यक्ष बुद्धिमान खुलाल बताउनुहुन्छ । यद्यपि, कम कृषकले मात्र अनुदान पाएको भन्दै आगामी दिनमा प्रदेश सरकारले यसको दायरा केही बढाउन आवश्यक रहेको उहाँको सुझाव छ ।

### उत्तिसः अलैचीका लागि छहारीसागै मल पनि

अलैँची बारीमा उत्तिसको बिरुवा रोप्दा अलैँचीलाई छहारीसँगै मल पनि हुने कृषकको भनाइ छ । कृषि वन प्रणाली प्रवर्द्धनकार्यक्रममार्फत अनुदान पाई अलैँची बारीमा उत्तिसका बिरुवा रोपेका फेदाप गाउँपालिका-६ का अगुवा कृषक केशरबहादुर घिसिङका अनुसार अलैँचीलाई रुख बिरुवाको छहारीले राम्रो गर्छ । उत्तिसको बिरुवा रोपी दिएपछि त्यो छहारी पनि हुने र त्यसका पातपतिङ्गर भ्करेर कुहिन गई अलैँचीलाई मल पनि हुन्छ ।

उत्तिसको बिरुवा अलैँचीका बोटका लागि निकै उपयोगी हुने अर्का लाभग्राही कृषक, मेन्छ्यायेम गापा-६ मोराहाङका ऋषिबहादुर थापाको अनुभव छ । उहाँले पनि अनुदान रकमबाट अलैँचीबारीमै उत्तिसका बिरुवा लगाउनुभएको छ । अलैँचीले चिस्यान ठाउँ बढी नै मन पराउँछ । उत्तिसका बिरुवाले जमिनलाई चिस्याइलो बनाइराख्न पनि मद्दत पुग्ने भएकाले अलैँची बगानमा उत्तिसको बिरुवा रोप्दा निकै उपयोगी हुने कृषि प्राविधिकहरु बताउँछन् ।

### राजस्व सङ्कलनको मुख्य आधार

डिभिजन वन कार्यालयका अनुसार जिल्लामा सबैभन्दा बढी राजस्व रुखको गोलिया निर्यातबाट हुने गरेको छ । चालु आर्थिक वर्षको हालसम्ममा मात्र जिल्लामा गोलिया निर्यातबाट रु चार करोड बढी राजस्व सङ्कलन भएको छ ।

# प्रतिनिधिसभा बैठक सोमबारसम्मका लागि स्थगित

काठमाण्डु । प्रमुख प्रतिपक्षीलगायत विपक्षी दलहरुको विरोधका कारण सङ्घीय संसद् प्रतिनिधिसभाको बैठक नियमित कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भएको छ ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा र उच्चस्तरीय छानबिन समिति गठन माग गर्ने प्रतिपक्षी दलहरुको अडान कायमै रहेपछि आइतबार पनि प्रतिनिधिसभाको बैठक तोकिएको समयमा बस्न सकेन । आइतबार दिउँसो १ बजेका लागि बस्ने तय भएको बैठक आइतबारै ३:१५ बजे बस्ने सङ्घीय संसद् सचिवालयले सूचना टाँसेर बैठक सरेको जनाएको थियो । दोस्रोपटक तोकिएको समयमा पनि बैठक बस्न नसकेपछि सचिवालयले पुनः अर्को सूचना प्रकाशित गरी साँझ ५:३० मा बस्ने उल्लेख गरेको थियो ।

सो सूचना प्रकाशित भएको एक घण्टापछि अर्थात् ६:३० बजे सुरु भएको बैठकमा पनि विपक्षी दलका सांसदहरुले उठेर विरोध जनाउनुभयो । रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको बलवा नगरपालिका, परौल स्थान नजिक Parking बाट मिति २०८२/१/५ गते मधेश प्रदेश ०२-००७ प ९८३८ नम्बरको Ebony, Black, Solar, Red रंगको ईन्जिन नं. DHXPRB-95557 चेचिस नम्बर MD2B64BX3RPB-51733 को बजाज कम्पनीको Pulser 125 cc Neon मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः मो. नजाम अंसारी**
**ठेगानाः बलवा-४, महोत्तरी**
**मो. नं. ९८००८००२३६**

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८१/१०/१२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : दिव्या कुमारी महतो**
**सिम्बोल नं.: ९०३००३४४**
**रजिष्ट्रेशन नं.:७३१७१९००९**
**ठेगाना:जि.महोत्तरी रामगोपालपुर न.पा-६**
**मो.नं. ९८०८४१८६५०**

# राज्यको चौथो अङ्गमा महिलाको पहुँच र भूमिका अझै न्यून : पूर्वराष्ट्रपति भण्डारी



झापा । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले राज्यको चौथो अङ्गको रूपमा रहेको आमसञ्चार क्षेत्रमा महिलाको पहुँच र भूमिका अझै न्यून रहेको बताउनुभएको छ ।

नारी सञ्चार गृह झापाद्वारा आइतबार विर्तामोडमा आयोजित अक्षयकोष घोषणा, पुस्तक विमोचन र दाता सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपतिले आमसञ्चार जगतमा महिला सहभागिता क्रमशः विस्तार हुँदै आए पनि संख्यात्मक दृष्टिले महिलाको उपस्थिति अझै न्यून रहेको बताउनुभयो । उहाँले समाचार सम्पादन, निर्णय र नीतिनिर्माणको तहमा महिलाको पहुँच र भूमिका सीमित रहेकामा चिन्ता व्यक्त गर्दै सञ्चारमाध्यमको नेतृत्व तहमा पनि यो संख्या न्यून रहेको बताउनुभयो ।जनसंख्याको आधा हिस्सा ओगटेका महिलासँग सम्बन्धित विषय सञ्चारमाध्यममा प्रभावकारी रूपमा उठाउन महिला पत्रकारको भूमिका महत्त्वपूर्ण रहने उहाँको भनाइ थियो ।

"महिला आफैँले प्रत्यक्ष रूपमा अनुभव गरेका, नजिकबाट देखेका र जीवनका विभिन्न चरणमा भोगेका मुद्दामा महिला पत्रकारद्वारा नै तयार गरिने सामग्रीमा थप सम्वेदनशीलता, आफ्नो पहिचान र यथार्थ समेटिएको हुन्छ", पूर्वराष्ट्रपति भण्डारीले भन्नुभयो । चुनौतिपूर्ण परिवेशका बावजुद पनि महिला पत्रकारले देखाएको पेशागत दृढता, आत्मबल तथा सामाजिक परिवर्तनप्रतिको लगाव र प्रतिवद्धता प्रशंसनीय रहेको उहाँले बताउनुभयो ।

पूर्वराष्ट्रपति भण्डारीले सोही अवसरमा नारी सञ्चार गृह झापाको अक्षयकोषमा सहयोग पुर्‍याउनु हुने दातालाई सम्मानपत्र प्रदान गर्नुभयो । साथै सो संस्थाद्वारा प्रकाशित 'सञ्चारमा नारी' पुस्तकको विमोचन समेत गर्नुभयो ।पत्रकार महिलाको साझा संस्था नारी सञ्चार गृहले आफ्नो अक्षयकोषमा रु ५० लाख पुर्‍याएको अध्यक्ष रेजिना गौतमले जानकारी दिनुभयो ।रासस

# वीरगञ्जस्थित बाल उद्यानको नामकरण परिवर्तन : अब शंखधर साख्वः उद्यान

वीरगञ्ज । वीरगञ्ज महानगरले यहाँको बाल उद्यान (चिल्ड्रेन पार्क) लाई नयाँ स्वरुप र ढाँचामा नाम फेरेर शंखधर साख्वः उद्यान (पार्क)का रूपमा सञ्चालनमा ल्याएको छ । सो उद्यान लामो समयदेखि बन्द रहेको थियो ।

विगतमा १९ कट्ठा क्षेत्रफलमा रहेको पार्कको अतिक्रमण हटाउँदै अहिले भने दुई बिघा क्षेत्रमा फैलिएको छ । वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले शंखधर साख्वः उद्यान केवल सौन्दर्यकरणको परियोजना मात्र नभएर वीरगञ्जवासीको सामूहिक जीवनशैली र सांस्कृतिक पहिचानसँग जोडिएको बताउनुभयो । "शंखघर साख्वः पार्कलाई हामी मनोरञ्जन, स्वास्थ्य र समुदायको मुटु बनाउनेछौँ", उहाँले भन्नुभयो, "यसले हाम्रो संस्कृतिलाई सम्मान गर्दै समृद्ध नगर निर्माणको दिशामा योगदान पुर्याउने छ ।"

महानगरका अनुसार रु एक करोड २५ लाख खर्च गरेर उद्यानको पूर्वाधार निर्माण तथा सौन्दर्यकरणको काम गरिएको हो । अहिले उद्यानमा पानीको फोहेरा, खुलामञ्च, वनभोजस्थल, नृत्यस्थल, टेबलटेनिस कोर्ट, योगस्थल र प्रभातयात्रा गर्न मिल्ने ट्र्याकको पनि सुविधा छ । रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बहादुरमाई, पर्साको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०२/२६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८०/०५/२२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०७८/१२/०६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७८/०६/१७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०७८/१२/०६ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८०/०५/२२ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने कुनै पनि बोलपत्र प्राप्त नभएकोले पुनः तेश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

पतिराम राउत अहिरको नाती, मंसी अहिरको छोरा, पर्सा जिल्ला, साविक बहुअरी पिडरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ४, बहुअरी बस्ने **भुखल अहिर** (ना.प्र.नं. ३४३००८/७, जारी मिति २०६४/०१/०८, जि.प्र.का. पर्सा) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १ मंशी अहिरको बुहारी, भुखल अहिरको पत्नी, पर्सा जिल्ला, साविक बहुअरी पिडरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ४, बहुअरी बस्ने **खेदीया देवी** (ना.प्र.नं. ३४३००८/१६४, जारी मिति २०६४/०१/१०, जि.प्र.का. पर्सा) । | २. मंशी अहिरको नाति, भुखल अहिरको छोरा, पर्सा जिल्ला, साविक बहुअरी पिडरी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, बहादुरमाई न.पा. वडा नं. ४, बहुअरी बस्ने **अनिल प्रसाद यादव** (ना.प्र.नं. ३४-०१-७०-०७५३०, जारी मिति २०७०/०६/०७, जि.प्र.का. पर्सा) । |

**धितोको विवरण**

१. भुखल अहिर (ना.प्र.नं. ३४३००८/७, जारी मिति २०६४/०१/०८, जि.प्र.का. पर्सा) को नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ स्थित कि.नं. ३६८ को क्षेत्रफल ०-४-० (विगाह) बमोजिमको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. भुखल अहिर (ना.प्र.नं. ३४३००८/७, जारी मिति २०६४/०१/०८, जि.प्र.का. पर्सा) को नाममा मालपोत कार्यालय वीरगंज, पर्सामा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला, बहुअरी पिडरी गा.वि.स. वडा नं. ६ स्थित कि.नं. ६६८ र ७६० को क्षेत्रफल क्रमशः ०-०-१० र ०-०-४-८ (विगाह) बमोजिमको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय बहादुरमाई, पर्साबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०३/०९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय बहादुरमाई, पर्सामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय बहादुरमाई, पर्सामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित (कर्जा असुली) इकाईमा तथा शाखा कार्यालय बहादुरमाई, पर्सामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : बहादुरमाई, पर्सा
फोन नं. ९८५५०३८४१४
Website : www.siddharthabank.com

## लोहारपट्टी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लोहारपट्टी, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०२/२६**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८२/०१/१६ वि.सं.(29 April 2025 AD) गते राष्ट्रिय दैनिक पत्रिका जनकपुर टुडेमा प्रकाशित सूचना अनुसार तथा www.bolpatra.gov.np/egp मा e–Submission मार्फत Shree janta adharbhut vidyalaya tapanpur ma bhawan nirman garne karya (Loharpatti Municipality -3, Tapanpur) र Bagada ma vi dekhi parikrama sadak samma ko adhuro raheko khanda ma sadaka staronnati garne karya (Loharpatti Municipality -1, Bagada) कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाता न्यूनतम मूल्याङ्कन सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना जारी गरिएको छ।

**तपसिलः**

| सि. नं. | खरिद नं./ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम, ठेगाना | कबोल अङ्क (मु.अ.कर र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | NCB/WORKS/LM/2081/82/05 | Shree janta adharbhut vidyalaya tapanpur ma bhawan nirman garne karya (Loharpatti Municipality-3, Tapanpur) | Buddha Construction & Engineering Consultancy, Janakpurdham-2, Dhanusha (Nepal) | Nrs. 3,720,950.70 | न्युनतम मुल्यांकित सारभुत रुपया प्रभावग्राहि बोलपत्र |
| 2. | NCB/WORKS/LM/2081/82/06 | Bagada ma vi dekhi parikrama sadak samma ko adhuro raheko khanda ma sadaka staronnati gane karya (Loharpatti Municipality-1, Bagada) | PNS-BSC Pvt. Ltd. Joint Venture, Janakpur-14 | Nrs. 11,236,451.32 | न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावयाहि बोलपत्र |

**प्रमुख प्रशासकीय अधिकृत**

## भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बनधी ३५ दिने सार्वजनिक सूचना

रैति नम्बर १४ को ढोढाई हलुवाईको नाउँमा दर्ता रहेको साविक मौजे गीधा विर्ताको जग्गा हाल जि.ध. एकराही गा.वि.स. वडा नं.४ कि.नं. ५ क्षे.फ. ०-३-३ जग्गा घुरन साहुको नाउँमा सर्वे नापी भई दर्ता गर्न सम्म छुट भएको तपशिल बमोजिम कायम भएका जग्गाको जग्गाधनी घुरन साहु हलुवाईको मिति २०४०/११/०२ गतेमा आफ्नो कालगतीले मृत्यु भईसकेको र निजको पत्नी कंचनिया देवी समेतको मिति २०२८ साल भन्दा अगावै मृत्यु भईसकेको र निजहरुको कोखवाट छोरा सन्तानको जायजन्म नभएकोले निजको हकभोग खाने सवैभन्दा नजिकको हकदार एकमात्र कान्छो भाई पुलकित साह हलुवाईको समेत मिति २०३० साल भन्दा अगावै आफ्नै कालगतिले मृत्यु भईसकेको साथै निज पुलकित साहु हलुवाईको एकमात्र पत्नी गंगीया देवीको मिति २०२९ साल अगावै मृत्यु भईसकेको र निजहरुको मृत्यु पश्चात सवैभन्दा नजिकको हकदार निजको छोराहरु जेठो नथुनी साह हलुवाईको मिति २०७७/०४/०१ गतेमा र कान्छा छोरा विहारी साहु हलुवाईको मिति २०७७/०४/०१ गतेमा आफ्नो कालगतीले मृत्यु भईसकेकोले निज मृतक नथुनी साहु हलुवाईको हकभोग खाने सवैभन्दा नजिकको हकदार निजको पत्नी विन्दा देवी हलवाईन-१ र मृतक विहारी साहु हलुवाइको सवैभन्दा नजिकको हकदार निजको पत्नी रेसमा देवी हलुवाइ-१ समेतले छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. २३७१७ मिति २०८२/०१/२१ गतेको माग निवेदन दावी वमोजिम हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशन गर्ने मिति २०८२/०२/१२ गतेको आदेशानुसार यो ३५ दिने हकदावी सम्वन्धि सुचना प्रकाशन गरिएको छ । तपशिलका उल्लेखित जग्गा निवेदकहरुको नाउँमा संयुक्त छुट जग्गा दर्ता नामासारी भएमा अरु कसैको हक लाग्ने भए वा अन्य कोही हकदार भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए तथा सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, गुठी अधिनस्थ, मठ मन्दिर, शमसान घाट, सुकुमवासी वस्ती ईत्यादी कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारवाही चलाएको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफुसंग भएको प्रमाण सहित भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा सप्रमाण दावी गर्न/सूचना गर्न आउनु होला । तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकहरुको मागदावीलाई स्विकार गरेको मानी कानुन बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ । यस विषयमा पछि कसैको दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागी सुचित गरिन्छ ।

**तपिशल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ | फिल्डबुकको कैफियत महल |
|---|---|---|---|---|
| एकराही | ४ | ५ | ०-३-३ | यो जग्गा पं. एकराही वडा नं. २ बस्ने घुरन साहको नम्बरी हो । |

## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट प्रकाशित हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा निवेदक जि.ध.गा.वि.स. बहेडाबेला वडा नं.३ हाल मुखियापट्टी मुसहरनिया गा.पा.वडा नं.५ मा बस्ने जयलाल यादवको बुहारी अमिरी यादवको श्रीमती समुन्द्री देवीले मेरो पति अमिरी यादवको नाउँमा साविक मौजे बहेडाबेलाको सा. कि.नं.१२६७ क्षेत्रफल ०-४-१० लगत कायम रहेको जग्गा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. बहेडावेला वडा नं.३ख कि.नं.३८५ क्षेत्रफल ०-४-० को जग्गा नापनक्सा भई दर्ता गर्न छुट भएकोले ज.ध.अमिरी यादवको मिति २०७०/०२/०३ गतेकोमा परलोक भई निज मृतकको हकभोग खाने म निवेदिका समुन्द्री देवी र दुई छोराहरु जेठा बुधन यादव-१ र कान्छो छोरा झगरु यादव-१ समेत ३ जना मात्र भएकोमा दुई छोराहरु बुधन यादव र झगरु यादवको मंजुरीले उक्त जग्गा म निवेदिका समुन्द्री देवीको नाउँमा एकलौटी नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी यस कार्यालयमा द.नं.५२१७ मिति २०८१/०६/०८ को माग निवेदन भएकोले यसमा निवेदकको माग दावी अनुसारको छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू वाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालमा आउनु होला । सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सुचनावाट सबैमा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कित्ता नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | बहेडावेला | ३ख | ३८५ | ०-४-० | ज.ध. महलमा अमिरी यादव, बहेडाबेला पं. वार्ड नं. ३, बुबा-जैलाल पेन्सिलले उल्लेख भएको । |

## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.को ३५ दिने सूचना

**सुचना प्रकाशित मिति २०८२/०२/२६**

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयः- शाखा कार्यालय, ईश्वरपुर, सर्लाही**

**तपसिल**

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं./जारी भएको जिल्ला र मिति | ग्राहकको पिता / पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८२।०१ मसान्त सम्मको व्याज | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रामदरेश महतो कोइरी | धनकौल २ | २६१७२५१६, सर्लाही, २०५५/०९/०९ | रामदेव महतो | रघुनन्दन महतो | सरल कृषि कर्जा | १,०००,००० | १६६,५८८ | १,१६६,५८८ | |

**धिता मन्जुरी दिने / जमानत दिनेहरुको नाम**

| क्र.स | नाम | ठेगाना | नागरीकता नं./जारी भएको जिल्ला र मिति | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | रामदेव महतो कोइरी | धनकौल २ | २६१७०२४८, सर्लाही, २०३४/१०/०६ | रघुनन्दन महतो | मोति महतो |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, बीरगंज, पर्सा**

# मृतक परिवारजनद्वारा क्षतिपूर्ति माग




**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिका-४ का ४२ वर्षीय अनुठा राय यादवको सशस्त्र प्रहरीको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको एक महिनाभन्दा बढी समय बितिसक्दा पनि मृतकको परिवारले कुनै राहत वा क्षतिपूर्ति नपाएको गुनासो गरेका छन् ।

पत्रकार सम्मेलनको आयोजना गर्दै पीडित परिवार तथा स्थानीय सामाजिक अगुवाहरूले घटनामा संलग्न दोषीलाई कारबाही नगरी मुद्दा दबाउन प्रहरी र सरकारी वकिल लागिपरेको आरोप पीडित परिवारजनले लगाएका छन् ।

गत बैशाख २४ गते सशस्त्र प्रहरी बल बेस क्याम्प दुधियाभारमा कार्यरत हवल्दार सुवास सिंहले चिनी तस्करको पछ्याइमा प्रयोग गरेको मोटरसाइकलले ठक्कर दिँदा अनुठा राय गम्भीर घाइते भएका थिए । वीरगञ्जस्थित गण्डक अस्पतालमा उपचारको क्रममा उनको मृत्यु भएको थियो ।

उक्त दुर्घटनामा भारतीय नम्बर प्लेटको (बीआर-३०-७९३६) मोटरसाइकलमा सवार रहेका राम जिनिस साह पनि घाइते भएका थिए । उनले हालै अस्पतालबाट फर्किए पनि अझै पनि वैशाखीको सहारामा हिड्डुल गरिरहेका छन् ।

पीडित परिवारले इलाका प्रहरी कार्यालय गरुडामा २७४ नम्बरमा उजुरी दर्ता गरे पनि अहिलेसम्म दोषीलाई कारबाही गरिएको छैन, न त कुनै क्षतिपूर्ति वा क्रियाखर्च प्रदान गरिएको छ। मृतकका छोरा राजेश यादवका अनुसार, प्रारम्भमा नेताहरूले आन्दोलन रोक्न क्षतिपूर्ति दिलाउने वाचा गरे पनि हाल फोन उठाउन समेत छाडेको गुनासो गरेका छन् ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीका अनुसार, उक्त दुर्घटनामा मुख्य दोषी फतुवा विजयपुर-४ निवासी अर्जुन उर्फ गोपाल बैठा रहेका छन् । उनीमाथि खोजी जारी रहेको र सशस्त्र प्रहरीका हवल्दार सुवास सिंहसमेत अभियुक्त रहेको डीएसपी कार्कीले बताए ।

तर पीडित पक्ष र प्रत्यक्षदर्शीहरूका अनुसार दुर्घटना सुवास सिंहकै मोटरसाइकलबाट भएको हो। घाइते राम जिनिस साहका अनुसार, अस्पतालमा प्रहरीहरूले घटनालाई अर्काको मोटरसाइकलबाट भएको प्रमाणित गराउन दवाब दिएका थिए ।

पीडित परिवारले दोषीलाई कारबाही गर्न र क्षतिपूर्ति नदिए जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रहरी कार्यालयमा क्रमशः धर्ना कार्यक्रम शुरु गर्ने चेतावनी दिएका छन् ।

सामान्य नागरिकको संलग्नतामा हुने दुर्घटनामा तुरुन्त कारबाही हुने प्रहरी प्रशासन, आफ्नै सुरक्षाकर्मीको विषय आउँदा मौन देखिएको भन्दै स्थानीयहरूले आपत्ति जनाएका छन् ।

# मधेशमा 'हेल्लो सिएम'

**मुख्यमन्त्री सतीश कुमार सिंह नेतृत्वको सरकारले "जनताको कुरा मुख्यमन्त्रीसम्म" भन्ने नारालाई व्यवहारमा उतार्न "हेल्लो सिएम" कार्यक्रम अघि सारेको हो ।**




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशवासीसँग प्रत्यक्ष संवाद गर्न 'हेल्लो सिएम' विशेष कार्यक्रम सार्वजनिक गरेको छ ।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ल्याइएको नीति तथा कार्यक्रममा यस योजनाको घोषणा गरिएको हो । यसअन्तर्गत प्रदेशवासीले आफ्ना गुनासो, सुझाव र समस्या मुख्यमन्त्री कार्यालयमा प्रत्यक्षरूपमा राख्न सक्नेछन् ।

मुख्यमन्त्री सतीश कुमार सिंह नेतृत्वको सरकारले 'जनताको कुरा मुख्यमन्त्रीसम्म' भन्ने नारालाई व्यवहारमा उतार्न 'हेल्लो सिएम' कार्यक्रम अघि सारेको हो। सिंहका अनुसार यस योजनाले सरकारलाई जनताको नजिक पुर्याउने र नागरिक सरोकारका विषयमा त्वरित प्रतिक्रिया दिन सहयोग पुग्नेछ।

सो कार्यक्रमअन्तर्गत नागरिकले टेलिफोन, सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्म प्रयोग गरी मुख्यमन्त्रीलाई सिधै सम्पर्क गर्न सक्नेछन् । सोही अनुरूप सरकार विशेष सूचना प्रणालीमार्फत गुनासो टिपोट, ट्र्याकिङ र समाधान प्रक्रिया अनलाइन ड्यासबोर्डमार्फत सञ्चालन गर्ने तयारीमा रहेको छ।

'हेल्लो सिएम' विशेष कार्यक्रमलाई सरकार केवल गुनासो सुन्ने माध्यममा सीमित नराखी समाधानमुखी बनाउने बताइएको छ। जनगुनासोलाई गम्भीरतापूर्वक सम्बोधन गर्दै नीति निर्माण प्रक्रियामा समेत नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गरिने मधेश प्रदेश सरकारको भनाइ छ।

उनले यस कार्यक्रमलाई समावेशी, पारदर्शी र दिगो शासनको आधारस्तम्भका रूपमा विकास गरिनेछ।

# स्थानीय प्रशासनविरुद्ध पाँच दलीय मोर्चा



**टुडे समाचारदाता**

मलंगवा। नेपाली कांग्रेसले स्थानीय प्रहरी-प्रशासनको आडमा का गुण्डागर्दीसहित ज्यादती गरेको भन्दै पाँच दलले विरोध गरेका छन् ।

विगत केही समयदेखि नेपाली कांग्रेसका नेता कार्यकर्ताले आम सर्वसाधारणलाई कुटपिट देखि लिएर सत्ता, शक्तीको आडमा झुठा मुद्दा दर्ता गराई अतिरञ्जित बनाएको भन्दै ५ दल एक साथ आएका छन् ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जसपा नेपाल, जसपा र नेसपाले संयुक्त विज्ञप्ति जारी गर्दै प्रहरी प्रशासनलाई आफ्नो रवैया तत्काल सुधार गर्न आग्रह गरेको छ ।

सर्लाही जिल्लामा केही व्यक्तिहरु तथा बिचौलियाहरुको इसारामा जिल्लाको शान्ति तथा सुरक्षा खलल पार्न तथा राजनीतिकरण गर्ने उद्देश्यले प्रहरी प्रशासनद्वारा निर्दोष व्यक्तिहरु माथि झुट्ठा मुद्दा दर्ता भइ रहेको भन्दै निर्दोष व्यक्तिहरु माथि दर्ता गरिएका झुट्ठा मुद्दा फिर्ता लिइ पक्राउ गरिएका व्यक्तिहरुलाई अविलम्ब रिहाइको माग विज्ञप्तिमार्फत गरेको जनाइएको छ।

# बेपत्ता भएका गोताखोर सुरज साउदको शव फेला



**टुडे समाचारदाता**

राजविराज । सप्तकोशी नदीमा डुबेर बेपत्ता भएका सशस्त्र प्रहरी बलका गोताखोर सुरज साउदको शव फेला परेको छ।

कुरिनटारबाट गएका अनुभवी गोताखोर प्रहरी नायब उपरीक्षक (डीएसपी) पुरुषोत्तम भण्डारीको टोलीले कोशी ब्यारेजको ५५ नम्बर ढोका नजिकबाट शव निकालेको सशस्त्र प्रहरीका सहायक प्रवक्ता एवम् डीएसपी शैलेन्द्र थापाले जानकारी दिए।

साउद नम्बर १३ गण पर्सा दरबन्दी भई नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालयमा कार्यरत थिए।

नदीमा शनिवार प्रदेशस्तरीय विपद् पूर्वतयारीका कार्यक्रम गर्ने तय भएपछि अभ्यास गरिरहेका बेला साउद र नम्बर १ श्रीअन्तु गण इलाम दरबन्दी भइ दन्तकाली विशेष कार्य तालिम शिक्षालय सप्तरीमा कार्यरत हरदेव राजवंशी ब्यारेजको ढोका नम्बर ५५ र ५६ देखि उत्तरतर्फ पानीको भूमरीमा फसेर बेपत्ता भएका थिए। राजवंशीको शव यसअघि नै भेटिएको थियो।

# महिलामाथि प्रहरीद्वार दुर्व्यवहारको आरोप



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टी मुसहरनीया गाउँपालिका- ६ स्थित लक्ष्मीपुर टोलमा आइतबार मध्यरातमा तीन दर्जनभन्दा बढी प्रहरीको टोलीले छापामार शैलीमा एक घरमा घेराउ गरी बलपूर्वक प्रवेश गरेको घटनाले स्थानीय वासिन्दाहरूमा त्रास फैलिएको छ । धनुषा प्रहरीको सो कारबाहीमा महिलाहरूलाई दुर्व्यवहार, कुटपिट र घरमा रहेको सम्पत्तिमा तोडफोड गरेको आरोप लागेको छ ।

घटनास्थलमा रहेका प्रत्यक्षदर्शी र पीडित पक्षले जनाए अनुसार भोगेन्द्र यादवको घरमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले छतबाट प्रवेश गरी घरका चुकुलहरू फोड्दै घरभित्र छापा मारेको छ । एमालेका मुखियापट्टी मुसहरनीया नगर अध्यक्ष सुशील यादवले पत्रकार सम्मेलनमार्फत प्रहरीको यो कार्यलाई 'रातको आतंकराज' भनी टिप्पणी गरेका छन् । घटनाको पृष्ठभूमिमा स्थानीय राजनीतिक द्वन्द्व रहेको आशंका गरिएको छ । सुशील यादवले उनको र जसपा नेपालका नेता वीरेन्द्र छोटेबीच विगतमा सामान्य भनाभन भएको बताउँदै त्यही घटनालाई लिएर विरेन्द्र छोटे पक्षले दबाबमा मुद्दा हालेर आफ्ना नातेदारहरूलाई फसाउने प्रयास गरिरहेको उनले दाबी गरे ।

फुलगामा प्रहरी चौकीका इन्चार्ज अवधलाल सोनारले घटनामा आफू संलग्न रहेको स्वीकार गर्दै जिल्लाबाट आएको टोलीले साथ दिन भनेपछि आफू पनि गएको बताए ।

तर जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता डिएसपी वरुणबहादुर सिंहले घटनाबारे आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिए । रातको समयमा दर्जनौं सुरक्षाकर्मी घरमा पसेर महिलाहरूलाई अपमानजनक व्यवहार गर्दै बक्स, दराज, पलंग जाँच गरेको र कागजपत्र विना बल प्रयोग गरिएको घटनाले गाउँमा ठूलो असन्तोष र असुरक्षा फैलिएको छ । स्थानीय बासिन्दाहरूले यस घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन् । यता घरमा रहेका महिलाहरुले घटनाको क्रममा आफनो मंगल सुत्र,पेटीबाट केहि थान गहना र दुइ लाख नगद हराएको समेत आरोप लगाए ।

# 'कम उमेरका युवाहरु यसको लतमा परिरहेका छन्'




**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको बहुदरमाइ नगरपालिकामा लागूऔषधविरुद्ध जनचेतनामूलक तालिमको आयोजना गरिएको छ ।

तालिम बहुदरमाइ नगरपालिका र पर्सा जिल्ला प्रशासन कार्यालयको सहकार्यमा नागरिक सुनुवाइ तथा तालिमको आयोजना गरिएको छ ।

नगरपालिकाको सभा हलमा आयोजित तालिममा प्रहरी, सशस्त्र प्रहरी, जनप्रतिनिधि र स्थानीय नागरिकको उल्लेखनीय सहभागिता रहेको थियो ।

तालिममा नगरपालिकाका राजनीतिक सल्लाहकार बिपीन यादवले बहुदरमाइ क्षेत्रमा विशेषगरी कम उमेरका किशोर-किशोरीहरु लागुऔषधको लतमा फसिरहेको गम्भीर गुनासो राखेका थिए ।

उनले प्रहरीसहित सबै पक्ष सचेत र सक्रिय हुनुपर्ने आवश्यकता औंल्याए । त्यस्तै यादवले पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) सुदर्शन अर्याललाई नागरिकता र राष्ट्रिय परिचयपत्र बनाउँदा सर्वसाधारणले भोग्नुपरेको समस्या समाधान गर्न आग्रह गरेका थिए ।

स्थानीयवासीको गुनासोको जवाफ दिँदै सिडिओ अर्यालले नागरिकले उठाएका समस्याप्रति प्रशासन गम्भीर रहेको उल्लेख गर्दै तत्काल समाधानको प्रतिवद्धता व्यक्त गरे ।

सो कार्यक्रममा पर्सा प्रहरी प्रमुख गौतम मिश्रले लागुऔषध सेवनकर्ताविरुद्ध कडा कारबाही गर्ने चेतावनी दिए ।

सो तालिममा सहभागिहरुले लागुऔषधको दुरुपयोग नियन्त्रणका लागि स्थानीय तह, सुरक्षा निकाय र समुदायबीचको समन्वय आवश्यक रहेको बताएका छन् ।

सो तालिममा उपमेयर सुष्मा कुशवाहा, प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तवसहित वडाध्यक्षहरुको सहभागिता थियो ।

# कार दुर्घटना हुँदा एकको मृत्यु, तीनजना घाइते



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जमा कार दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

गण्डकबाट बसपार्क तर्फ जाँदै गरेको बीआर ५५ बी ९१०४ नम्बरको भारतीय कार आइतबार पिपरास्थित रेनुका पेट्रोल पम्प नजिकै अनियन्त्रित भई सडक खण्डको बीचमा रहेको डिभाइडरमा ठोक्किँदा दुर्घटना भएको पर्सा प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक सुवा भट्टले दिएको जानकारी अनुसार दुर्घटनामा परि करिब ३० वर्षीय बिटु सर्राफको मृत्यु भएको छ ।

वीरगञ्जमा कार दुर्घटनामा दुर्घटनामा घाइते हुनेमा कार चालक भारत, बेतिया नरकटियागञ्ज निवासी करिब ४० वर्षीय गणेश सर्राफ त्यसैगरी, सोही स्थानका २० वर्षीय रतन सर्राफ र अर्को एक २१ वर्षीय बिटु सर्राफ रहेको प्रहरीले जनाएको छ।

घाइते भएकाको बारास्थित एलएस न्युरो अस्पतालमा उपचार भइरहेको जनाइएको छ । घटनास्थलबाट दुर्घटनाग्रस्त कार नियन्त्रणमा लिएको र घटनाका बारेमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय पर्साले जनाएको छ।

# हिसानको प्रदेश कमिटी गठन

**टुडे समाचारदाता**

जनकपुरधाम। नीजि कलेजका संस्थापकहरुको संरक्षक संस्था रुपमा रहेको हिसानको भेलाबाट मधेश प्रदेशस्तरीय कमिटी गठन गरेको छ।

प्रदेश अध्यक्षमा वीरेन्द्र साहलाई चयन गरिएको भने प्रथम उपाध्यक्षमा सिरहाका प्रदीपकुमार तिवारी, उपाध्यक्षमा पर्साका संजयकुमार सिंह, सचिवमा जनकपुरधामका शीतल यादवलाई चयन गरिएको छ।

त्यस्तै सदस्यहरुमा पर्साका सन्नीकुमार दुबे, सिरहाका राम नायक रहेका छन् । धनुषा, सप्तरी, पर्सा र सिरहाका अध्यक्ष पनि सदस्य रहेको जानकारी हिसानले जनाएको छ।

त्यसैगरि प्रदेश कोषाध्यक्षमा सप्तरीबाट पछि एकजना कलेजका संस्थापकलाई राखिने छ। हिसानको सल्लाहकारमा प्रा.डा. रामस्वार्थ राय, धरणीधर अधिकारी र रामकुमार दासलाई चयन गरिएको छ।

सो कार्यक्रमको अध्यक्षता हिसान धनुषाका अध्यक्ष संजीव ठाकुरले गरेका थिए।

# प्रेस जनमत संघ केन्द्रीय समिति गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीले आफ्नो प्रचारप्रसार गराउनका लागि प्रेस जनमत संघले २१ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेको छ।

जनमतको केन्द्रीय सचिवालयले आइतबार गरेको निर्णयअनुसार गठन गरिएको समितिको अध्यक्षमा सप्तरीका अवधेशकुमार झा चयन भएका छन् भने सप्तरीकै सह-अध्यक्षमा रामनारायण विश्वास र सदस्य सचिवमा महोत्तरीका ललन मण्डल चयन गरिएको छ।

सो समितिका अन्य सदस्यहरूमा जितेन्द्र खड्गा, धनुषाका मनोज मोरबैता, धनुषाकै सुमित मिश्र, बाराका अनिल पाण्डे, केशव लुइँटेल, शम्भु पण्डित, शेख मोजिबुल्लाह, मुना ठाकुर, संजय यादव, श्यामल कुमार गिरी, बिजेन्द्रकुमार चौधरी, वीरेन्द्रकुमार साह, चन्दन रजक, चन्दन रौनियार, भोगेन्द्र साह, विमला कुमारी र रिना कुमारी केसी रहेका छन् ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सी.के. राउतले केन्द्रीय सदस्य सचिव ललन मण्डललाई पत्रमार्फत समिति विधिवत घोषणा गरेको छ।

झा अध्यक्ष हुनु अघि जसपा नेपाल निकट प्रेस मञ्च नेपालका महासचिव थिए। उनले मुख्यमन्त्री सतीशकुमार सिंहको प्रेस सल्लाहकार पद पाउने भएपछि घरायसी व्यस्तता देखाउँदै प्रेस मञ्चबाट राजीनामा दिएर जनमत तर्फ लागेका हुन् ।

# एक महिला घरमै लुटिइन्

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा एक महिला घरमै लुटिएकी छन् ।



जिल्लाको रूपनी गाउँपालिका- ६ स्थित तेरहौताकी कौशलादेवी चौधरी आफ्नै घरबाट लुटिएकी छिन् । घरमा सुतिरहेको बेला उनी आइतबार बिहान करिब २ बजे लुटिएकी छन् ।

अत्यधिक गर्मीका कारण घर बाहिर सुतिरहेको बेला कान, नाकमा लगाएको गरगहना लुटेराले थुतेर लगेको उनले गुनासो गरिन् ।

कानमा लगाएको सुनको कुण्डल, नाकमा लगाएको फुली गरी दुई तोला भन्दा बढी सुनको गहना लुटेर लगेको उनको भनाइ छ। पति र छोरा रोजगारीको क्रममा बाहिर गएको बेला घरमा छोरा मान्छे नभएको मौका छोपी बुहारी र आफू मात्रै घरमा भएको बेला लुटेराहरूले गहना लुटेर लगेको उनले बताइन् ।

गहना लुटेर घरको ताल्चा खोल्ने प्रयास गर्दा जोर जोरले हल्ला गर्न थालेपछि लुटेराहरू भागेको उनले बताइन्।

गहना लुटेको विषयमा जानकारी आएको लुटेरा समूहको खोजतलास तथा घटनाको विषयमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय रूपनीको इन्चार्ज प्रहरी नायब निरीक्षक पम्बर यादवले जानकारी दिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८